भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
२०७३

# प्रेस विज्ञप्ती

देशकै मध्यभागमा अवस्थित यस भरतपुरमहानगरपालिका विकास र संवृद्धिका हिसावले अगाडी रहेको यहाँहरु सबैलाई बिदितै छ ।नगर विकास कोष (TDF) र नेपाल नगरपालिका संघबाट समेत भरतपुर महानगरपालिकालाई यस वर्षको उत्कृष्ट महानगरपालिकाको रुपमा सम्मान गरिएको कुरा यस पत्रकार सम्मेलनमा सहर्ष जानकारी गराउन पाउदा हामी नगरवासी हर्षित छौं । महानगरवासीको विकास निर्माण र सुशासन प्रतिको तिब्र आकांक्षा, चाहना र दवावले हामीलाई त्यो दिशामा दत्त–चित्त भएर अगाडि वढीरहन झनै प्रेरित गरिरहेको महसुश भईरहेको छ । हामी महानगरको स्रोत र साधनलाई अधिकतम उपयोग गर्दै प्रदेश एवं संघिय सरकारसँगको समन्वयमा भरतपुर महानगरपालिकालाई तिब्र विकास गर्न चाहन्छौं ।

नेपालको संविधानले राज्य शक्तिको प्रयोग तिनै तहले कानून वमोजिम गर्ने व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानून बनाउने वार्षिक वजेट बनाउने, निती तथा योजना तयार गर्ने र त्यसको कार्यन्वयन गर्ने व्यवस्था समेत कानूनले गरेको छ । लामो समयसम्म स्थानीय तहमा जनप्रतिनिधिहरु रिक्त रहदै आएकोमाजन प्रतिनिधिहरु निर्वाचित भई २०७४ साल पौष २३ गते नगर सभा समेत सम्पन्न भैसकेको छ ।

नगर सभा सम्पन्न भई ४ (चार) महिना बितिसकेको र यस आर्थिक वर्ष को ३ महिना मात्रै बाँकी रहेको अवस्थामा उद्योग बाणिज्य संघ चितवनले महानगरपालिकाबाट लगाईएका करका दरहरु संशोधनका लागी महानगर समक्ष अनुरोध गरिएकोमासंचार माध्यमबाट समचार संप्रेषण हुँदा आम जनमानसमा प्रवाहित सन्देशका सन्दर्भमा महानगरको ध्यानआकृष्ट भएको छ । यस विषयलाई हामी संचार माध्यम मार्फत सम्पुर्ण जनसमुदायलाई स्पष्ट गर्न चाहन्छौ ।

- नगर सभा सम्पन्न गर्ने क्रममा प्रस्ताव गरिएका करको दर र दायराको सम्बन्धमा निर्वाचित स्थानीय जन प्रतिनिधि, निर्वाचित संघीय र प्रदेश सभाका सांसदज्यूहरु, स्थानीय राजनितिक दलका प्रमुखज्यूहरु, उद्योग बाणिज्य संघ, उद्योग संघका साथै सम्पूर्ण सरोकारवालाहरुसँगको व्यापक छलफल र सहमतिबाट करका दर र दायराहरु निर्धारण गरि नगर सभाबाट पारित गरेर महानगरले आर्थिक वर्ष ०७४/०७५ को लागि कर र सेवा शुल्क निर्धारण गरेकोकुरा जानकारी गराउन चाहान्छु।
- बिगतको समयमा उपयुक्त मानिएका कतिपय करका दर र दायराहरु वर्तमान समयमा अव्यवहारिक र अबैज्ञानिकदेखिएकोले समय सान्दर्भिक बनाउन आवश्यक देखिएको र करको बिश्वब्यापी सर्वमान्य सिद्धान्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था समेतलाई आधारमानि ब्यवसायको लगानी पूँजी,व्यवसायकोकारोवारको आधारमाकेहि करका दरहरुलाई मात्रै समय सापेक्ष बनाईएको हो ।साथै महानगर हुनका लागी आन्तरीक आम्दानी रु १ (एक) अर्ब हुनु पर्ने चुनौति हाम्रो सामु छ
- विगत लामो समयसम्म स्थानीय तहमा जनप्रतिनिधिहरु रिक्त हुँदा कर्मचारीहरुलेजोखिम नलिने मनोभावको कारण करका दर र दायरा नबढाएको देखिन्छ। जनमत प्राप्त जनप्रतिनिधिहरुले महानगरको समग्र बिकासआन्तरिक आम्दानी बिना गर्न नसकिने हुँदा व्यवसाय कर र यसका दायरा तथा शुल्कहरुमा केहि हेरफेर गरिएको हो ।

Scanned by CamScanner

हामी निर्वाचित भएर आएपछि गरेका केहि महत्वपूर्ण कार्यहरु पनि म यस अवसरमा पत्रकार मित्रहरुलाई अवगत गराउन चाहन्छु :-

- महिला तथा जेष्ठ नागरिकहरुलाई भरतपुर अस्पतालमा निशुल्क बहिरंग टिकटको व्यवस्था गरिएको
- पोखरा बस पार्क र केन्द्रिय बस टर्मिनलमा निशुल्क WIFI सुविधा उपलब्ध गराइएको ।
- गत श्रावण र भाद्रमा आएको अविरल वर्षाको कारण पिडितलाई तत्काल उद्धार र राहत वितरण कार्य गरिएको ।
- पूर्व प्रधानमन्त्री, मन्त्री र नेपाल सरकारको सचिव तथा विज्ञहरु आमन्त्रण गरी महानगरको मार्गचित्र तय गर्ने सम्वन्धमा अन्तरक्रिया गरि महानगरको दीर्घकालिन विकासको लागि आधार तय गरिएको
- महानगरका लागि आवश्यक नियम तथा कार्यविधिहरु निर्माण गरिएको ।
- शहरी विकास तथा भवन निर्माण विभाग मार्फत ३६ वटा विकासका कार्यक्रमहरु संचालन प्रक्रिया अगाडि बढाइएको छ ।(जस्तै : रिङ्गरोड, लिङ्करोडहरु, मनोरञ्जन पार्कको व्यवस्था गरिएको)
- शहरलाई व्यवस्थित र सुन्दर बनाउनको लागि फुटपाथ व्यवस्थापनको लागि वैकल्पिक स्थानको पहिचान गरि कार्य अगाडि बढाईएको तथा पार्किङ लाई व्यवस्थित वनाउन जग्गा भाडामा लिई व्यवस्थित गरिएको
- फोहोरमैला व्यवस्थापनको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा फोहोरवाट उर्जा कार्यक्रमको प्रस्ताव अगाडि बढाईएको ।
- नेपाल र भारत बिच द्धिपक्षिय पर्यटन प्रवर्धन सम्बन्धी सेमिनारको आयोजना गरि दुवै देशका पर्यटन उपजको पहिचान र प्रवर्धनका कार्यहरु अगाडि बढाउनुको साथै यसवाट विषेश गरि चितवन र भरतपुरका पर्यटकिय स्थानहरुको प्रचार प्रसारमा उल्लेख्य मद्धत पुगेको छ ।
- बिगत लामो समय देखि विग्रिएको नारायणगढ स्थित सडक बत्तिहरु मर्मत गरि शहरलाई सूरक्षित र उज्यालो बनाइएको ।
- सबै वडामा प्रतिस्पर्धात्मक रुपमा विकासका कार्यहरू तिव्र रुपमा अगाडि बढीरहेको ।

अन्त्यमा, महानगरबासीको बिकासको सपना एक्लै महानगरले मात्रै पुरा गर्न संभव छैन । यसका लागि राजनीतिक दलहरु, नागरिक समाज, उद्योग वाणिज्य संघ, उद्योग संघ र आम संचार माध्यमको पनि उत्तिकै महत्व रहन्छ । आम जनतालाई प्रत्यक्ष प्रभाव पार्ने कर तथा शुल्कहरुमा खासै बृद्धि गरिएको छैन । आफ्नो आन्तरीक आय नबढाई मागेर गरिने बिकासप्रति जनताको अपनत्व हुदैन।त्यसैले महानगरले बिकासका लागि असल मनसायले गरेको कार्यमा यहाँहरु सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछु।यस कार्यक्रममा उपस्थित भई महानगरको धारणा नगरबासिहरु समक्ष पुर्याई सहयोग गर्नुहुने तपाई सबै पत्रकार मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

२०७४ चैत्र १९

रेनु दाहाल
प्रमुख
भरतपुर महानगरपालिका, चितवन

प्रमुख
भरतपुर महानगरपालिका

Scanned by CamScanner